# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

वर्ष १० अंक ६ मासिक असार/साउन June 2007


- *सजिलो काम, सोचेभन्दा राम्रो दाम* — मञ्जु गुरुङ
  नेपाली महिलामा बढ्दो इजरायलमोह
- *संस्कृतिका धरोहर भरिया बने* — यामु कँडेल
  समुदायकै पहिचान खतरामा
- *पैसा माग्नुपर्ने अवस्था छैन अब* — लक्ष्मी गिरी
  आर्थिक स्वतन्त्रताको मजा चाखिरहेका ग्रामीण महिला
- *ताम्राकारको पेसा सङ्कटमा* — सङ्गीता पाण्डेय
  मुखको तातो पिँडालुभैंm भयो पेसा
- *को बन्ने अभिभावक यिनीहरूको* — कविता अधिकारी
  प्रयोगका साधन बनेका सडकबालबालिका
- *दुर्व्यसनीको बुद्धि फिऱ्यो* — विद्या खरेल
  नयाँ जीवन जिउँदै तिरस्कृत दुर्व्यसनी
- *समस्या : सौहार्द व्यवहारको* — भवानी अधिकारी
  बेसहारा बन्दैछन् एचआईभी सङ्क्रमित




सञ्चारिका समूह/नेपाल

# सजिलो काम, सोचेभन्दा राम्रो दाम

*इजरायलमा काम गरिरहेका धेरै महिलाले राम्रो पैसा कमाउन थालेका छन् । यो कुरा यहाँका महिलाले थाहा पाएपछि इजरायल जाने मोह बढेको छ । नेपालमा जागिर नपाएर भौंतारिरहेका महिलाका लागि मासिक एकदेखि डेढ लाखसम्म कमाउनु भनेको एकदमै राम्रो अवसर हो । इजरायलमा महिलाले सजिलै काम पाउँछन् भन्ने कुरा त त्यहाँबाट फर्केर आएका महिलाको अनुभवले नै बताउँछ । तर, जानुअघि त्यहाँको भाषा र सम्बन्धित कामबारे केही ज्ञान र सीप भने हुनैपर्छ । त्यसका लागि तालिम राजधानीमा नै लिन सकिन्छ । तर, इजरायलमा काम गर्ने महिला बढे मात्र भनेर ढुक्क हुने बेला भने छैन । त्यसैले आफ्ना नागरिक खतरामा नपरून् भन्नेतर्फ सरकार सधैं सचेत भने भइनै रहनुपर्छ ।*

मञ्जु गुरुङ

**काठमाडौं ।** ललितपुरकी कुसुम रानाको गर्भमा चार महिनाको बच्चा थियो । तर, पनि उनी जन्माउन चाहँदैनथिन्, । पहिले आफू आर्थिक रूपमा बलियो भएपछि मात्र आमा बन्ने उनले चाहना थियो । कामका लागि इजरायल जान उनले चार महिनाको गर्भ फालिन् । इजरायल जानका लागि उनी खर्च जुटाउँदैछिन् । रु. ५ लाख रकम जुटाएपछि मात्र उनी विदेश जान पाउँछिन् । कामका लागि चाहिने आवश्यक सीप र ज्ञानको तालिम पनि लिँदैछिन् ।

इजरायल जान यतिका तयारी गर्दा पनि घरपरिवारले भने उनलाई जाने अनुमति दिएका छैनन् । यसअघि इजरायल पुगिसकेका आफना तीन दिदीबहिनीको जीवनस्तरमा आएको परिवर्तनले उनमा इजरायलमोह बढेको हो । त्यहाँ हुने 'मोटो रकम'को कमाइको सपना पनि देख्न थालेकी छन् उनले । भन्छिन्, 'नेपालमा दस वर्षमा कमाउन नसकिने पैसा त्यहाँ एकै वर्षमा कमाइन्छ, केही वर्ष बसेर फर्केपछि सुखी घर बसाउँछु ।'

उता चितवनकी गंगा सेन नर्सिङ पेसा छाडेर दुई महिनाअघि इजरायल उडेकी थिइन् । दुई वर्षअघि इजरायल पुगेकी ओखलढुङ्गा रावादोलुकी सविता गुरुङको परिवारले उनैले पठाएको पैसाले काठमाडौंमा घर किनेका छन् । चार वर्षको इजरायल बसाइपछि नेपाल फर्केकी लमजुङकी लक्ष्मी गुरुङ सातदोबाटोमा घर किनेर बसेकी छिन् । आफूले व्यवसाय पनि चलाएर बसेकी छिन् । त्यसैगरी एक वर्षअघि केयर गिभरकै निम्ति इजरायल छिरेकी सुनिता लुइँटेलले काठमाडौंमा आफ्ना दुई सन्तानलाई राम्रै स्कुलमा पढाएकी छिन् ।

*इजरायल जान यतिका तयारी गर्दा पनि घरपरिवारले भने उनलाई जाने अनुमति दिएका छैनन् । यसअघि इजरायल पुगिसकेका आफना तीन दिदीबहिनीको जीवनस्तरमा आएको परिवर्तनले उनमा इजरायलमोह बढेको हो । त्यहाँ हुने 'मोटो रकम'को कमाइको सपना पनि देख्न थालेकी छन् उनले । भन्छिन्, 'नेपालमा दस वर्षमा कमाउन नसकिने पैसा त्यहाँ एकै वर्षमा कमाइन्छ, केही वर्ष बसेर फर्केपछि सुखी घर बसाउँछु ।'*

इजरायल पुगेर फर्केका धेरै महिलाको यस्तै लोभलाग्दो जीवनशैलीका कारण महिलाको इजरायल पुग्ने मोह बढ्दै गएको छ । कम्तीमा एक लाखसम्मको मासिक आम्दानी हुने भएपछि महिलाको मन नलोभियोस् पनि किन ? त्यसैले, ऋण लिएर, होस् या जायजेथा धितो राखेर रु. ५ लाखसम्म जम्मा गर्न उनीहरू मरिहत्ते गरेर लाग्ने गरेका छन् । इजरायल जान सिक्नैपर्ने हिब्रु भाषा र दैनिक कामकाज तथा त्यहाँको रहनसहनसम्बन्धी तालिम लिन लाग्ने रु. ४५ हजारसम्म तिर्न पनि पछि पर्दैनन् उनीहरू । राजधानीमा

खुलेका थुप्रै केयर गिभर र हिब्रो भाषा सिकाउने सेन्टरले उनीहरूको त्यो इच्छामा सघाउ पु¥याएका छन् ।

राम्रो पालनपोषण र शिक्षादीक्षाले सन्तानको भविष्य उज्ज्वल बनाउने इच्छाका कारण विदेश जान हौसिएका छन् उनीहरू । १८-१९ वर्षका युवतीदेखि ४५ वर्षसम्मका महिलाको 'भविष्य सुरक्षित गर्ने' गन्तव्य बन्दै गएको छ, इजरायलको रोजगारी ।

गरिबी र रोजगारी नपाएका महिलाका लागि राम्रो आम्दानीकै बाटो हो, वैदेशिक रोजगार । चार वर्ष इजरायलमा केयर गिभरको (घरको हेरचाह गर्ने कामदारको रूपमा) काम गरेर छुट्टीमा घर आएकी झापाकी उमा खनाल सजिलो काम र सोचेभन्दा पनि राम्रो आम्दानीले दङ्ग छिन् । भन्छिन्, 'अहिले त म एक महिनाको २ हजार डलर (करिब रु. १ लाख ४० हजार) बचत गर्छु । त्यहाँको भाषा, रहनसहन सबै बुझें, काम र आम्दानी पनि राम्रो छ, फेरि जाँदैछु ।' उनको अनुभवमा इजरायलको रोजगारी महिलाका लागि सुरक्षित र ढुक्कको पनि छ । 'आँटिला र जाँगरिला महिलाका लागि त्यो त राम्रो अर्थआर्जन गर्ने ठाउँ रहेछ,' उनले भनिन् । कामदारको तलबमा वार्षिक ५० डलर तलब थपिँदै जाने इजरायलको सरकारी नीतिले पनि त्यहाँको रोजगारी थप आकर्षक बनेको छ ।

महिला मात्र होइन पुरुष पनि पुगेका छन् इजरायल । त्यहाँ केयर गिभर काम गरिरहेका अर्जुन जैसवाल भन्छन्, '६५ भन्दा बढी उमेरका वृद्धवृद्धा, अशक्त र अपाङ्गको हेरचाह गर्नु नै मुख्य काम हो । घरायसी काम पनि मेसिनबाटै गरिने भएकाले नेपालको जस्तो कठिन शारीरिक श्रम गर्नुपर्दैन ।' अन्य देशका नागरिकभन्दा नेपालीहरू मायालु र सहनशील हुन्छन् भनेर उनीहरू घरको काममा नेपालीलाई नै बढी रुचाउँछन् । इजरायलको सरकारी नीतिअनुसार प्रत्येक वर्ष भिसा नवीकरण गरे तापनि ५ वर्ष बसेपछि यो राष्ट्र छाड्नुपर्छ । त्यतैबाट अन्य देश पनि जान सकिन्छ । 'त्यसैले अङ्ग्रेजी र हिब्रु भाषा जान्नु अनिवार्य छ,' अर्जुन भन्छन्, 'आफू इमान्दार र सक्षम छ भने समस्या त्यति पर्दैन ।'

इजरायल पुगेका नेपाली कामदारमा करिब ७० प्रतिशत विवाहित महिला छन् । मुस्लिम र जुइस धर्मावलम्बी बढी भए पनि यहाँ नेपालीलाई कुनै कठिनाइ भने हुँदैन । नेपाली कामदार एक-अर्कालाई दुःख र समस्या पर्दा एकजुट हुन्छन्, त्यसलाई सङ्गठित रूप दिने प्रयास पनि अहिले सुरु भएको छ । त्यसका लागि नेपाली कामदार सहयोग मञ्च, इजरायल गठन गरिएको छ । वार्षिक शुल्क तिरेर त्यहाँ काम गर्ने नेपाली यसको सदस्य बन्छन् । बिरामी पर्दा उपचारको सहयोग गर्ने, रोजगार दिलाउने, हकअधिकारका लागि लड्न सहयोग गर्नेजस्ता काम मञ्चले गर्दै आएको छ । गत वर्ष इजरायलमा आत्महत्या गरेकी अनिताको शवलाई नेपाल फर्काउन लाग्ने एक लाख रुपैयाँ पनि मञ्चले खर्च गरेको थियो ।

*इजरायल पुगेर फर्केका धेरै महिलाको यस्तै लोभलाग्दो जीवनशैलीका कारण महिलाको इजरायल पुग्ने मोह बढ्दै गएको छ । कम्तीमा एक लाखसम्मको मासिक आम्दानी हुने भएपछि महिलाको मन नलोभियोस् पनि किन ? त्यसैले, ऋण लिएर होस् या जायजेथा धितो राखेर रु. ५ लाखसम्म जम्मा गर्न उनीहरू मरिहत्ते गरेर लाग्ने गरेका छन् ।*

इजरायलमा नेपाली महिला कामदारको ठूलो माग छ । त्यसैले महिलालाई पठाउन म्यानपावर कम्पनी पनि आफैं लागेका छन् । आफैं तालिम दिएर कामदार पठाउने सिग्मा इन्टरनेसनलका निर्देशक लक्ष्मण थापा भन्छन्, 'इजरायल जान खोज्ने महिला थुप्रै छन्, हामीले चाहेजति पठाउनै सकेका छैनौं ।' श्रम तथा वैदेशिक रोजगार प्रवर्द्धन विभागका अनुसार २०६२-६३ मा १ हजार ७१ महिला इजरायल गएका छन् । वैदेशिक रोजगारीका लागि जान थालेको करिब ६ वर्षे अवधिमा व्यक्तिगत पहलमा जानेहरू पनि थुप्रै छन् । त्यसैले यकिन सङ्ख्या पाउन अलि कठिन छ । भर्खरै इजरायलबाट नेपाल फर्केकी देवकी ढकाल इजरायलमा करिब १२ हजार महिला रहेको बताउँछिन् ।

वैदेशिक रोजगारीमा महिलाको आकर्षण बढ्न थालेपछि देखापरेका समस्या समाधान गर्न सरकारी तथा गैरसरकारी संस्था प्रशस्त खुलेका छन् । संयुक्त राष्ट्रसङ्घीय महिला विकास कोष (युनिफेम) नेपालले यससम्बन्धी अध्ययन सुरु गरेको छ । त्यसैगरी वैदेशिक रोजगारीबाट फर्केका महिलाको सङ्गठन पौरखीले रोजगारीमा जान लागेका र फर्केकालाई परामर्श दिने, परिवारको हकअधिकार संरक्षण गर्ने काम सुरु गरेको अध्यक्ष मञ्जु गुरुङले बताइन् । वैदेशिक रोजगारीमा जान चाहनेहरूका लागि बैंकबाट ऋण दिने र आवश्यक तालिम उपलब्ध गराउने व्यवस्था पनि सरकारले गर्न थालेको छ ।

केयर गिभरमा जाने धेरैजसो नर्सिङसम्बन्धी काम गरेका महिलाहरू भए पनि अन्य महिलाको सङ्ख्या

पनि बढ्दैछ। इजरायलबाट अन्य मुलुक जान सहज भएकाले डाक्टर, पत्रकार र कलाकार पनि यसतर्फ आकर्षित छन्। सरकारले महिलाका लागि खुला गरेको रोजगार नीतिले पनि इजरायलजस्ता मुलुकमा जान सघाउ पुऱ्याएको छ। सीप र क्षमताअनुसार राम्रो आम्दानी हुने भएकाले इजरायलमा नेपाली महिलाको सङ्ख्या बढेको छ। तर, उनीहरूको काम व्यवस्थित बनाउन र हकअधिकारका लागि आवश्यक नीति बनाउनेतर्फ सरकारले ध्यान दिनैपर्छ।

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# संस्कृतिका धरोहर भरिया बने

*पञ्चेबाजा अनि सारङ्गी नेपाली सङ्गीतका मेरुदण्ड हुन्, नेपाली सङ्गीतको पहिचान हो। माओवादी 'जनयुद्ध'को प्रभाव अनि पश्चिमी संस्कृतिले गाँजेपछि यसैमा आश्रित सिङ्गो समुदायले रोजीरोटी गुमाएका छन्। वर्षौं पुर्खाले अपनाएको पेसा गरी खाएकाहरूले अन्य काम नपाउँदा भोकै बस्नुपर्ने अवस्था आएको छ। यसले नेपालीको मौलिक पहिचान मेटिने मात्रै होइन, त्यही पहिचान बोकेको समुदायकै अस्तित्व खतरामा पर्न थालेको छ।*

**✍ यामु कँडेल**

*कुनै बेलाका विख्यात दमाहा मास्टरलाई बूढेसकालमा भारी र नाम्लोको सहारा लिनुपरेको छ। परम्परागत पेसा अङ्गाल्दै आएका गन्धर्व र दमाई जातिको पुर्ख्यौली पेसा सङ्कटमा परेपछि विजोगमा परेको समुदायका एउटा पात्र मात्र हुन् उनी। आधुनिकताका नाममा विदेशी संस्कृतिले गाँजेपछि पुर्ख्यौली पेसा गुमेर बिचल्लीमा परेका उनीजस्ता धेरै छन्। वीरेन्द्रनगर-२ गैहींगाउँका ७३ वर्षीय पद्मबहादुर नेपालीको पीडा पनि उस्तै छ।*

**सुर्खेत**/ उमेरले ५५ काटेका निल मास्टर 'पेट भर्ने' जोहो गर्न बरियो-नाम्लो बोकेर एकाबिहानै बसपार्कतिर दौडिन्छन्। भारी बोक्ने काम पाइयो भने साँझबिहानको छाक टर्छ, नभए भोकभोकै बस्नुपर्छ। सुर्खेतको वीरेन्द्रनगर-६ का निल मास्टर ३० वर्षदेखि सम्हालेको पेसा सङ्कटमा परेपछि यो विजोग व्यहोर्न बाध्य छन्।

पेसा राम्रो चलेको थियो, खानलाउनको समस्या थिएन, भोजभतेर र रमाइलोमा दिन बित्थ्यो। आम्दानी राम्रै हुन्थ्यो। तर, अहिले त्यो सपनाजस्तो भएको छ। 'तालु खुइलिने गरी भारी नबोके गुजारै चल्दैन' चाउरी परेको निधार खुम्च्याउँदै उनी भन्छन्, 'पुर्खाले सम्हालेको पेसा पेटकै लागि छाड्नुपर्दा मन रुन्छ।' भारी बोकेर ६ जनाको परिवार पाल्न उनलाई धौधौ भएको छ। काम सम्झेर बेलाबेला दिक्क पनि लाग्छ तर बाध्यता सम्झेर मन बुझाउँछन्।

उनले २२ वर्षको उमेरदेखि पुर्ख्यौली पेसाको बिंडो थामेका थिए। चाडपर्व, बिहेभोज या यस्तै औपचारिक कार्यक्रममा परम्परागत पञ्चेबाजा बजाएर उनको गुजारा चल्थ्यो, तीन वर्षअघिसम्म विवाह, पूजा, घरपैंचोको निम्तो पाउना साथ पञ्चेबाजा बोकेर उतैतिर लाग्थे, आम्दानी राम्रै थियो, एउटै कार्यक्रममा दुईदेखि तीन हजारसम्म ज्याला पाउँथे। ठूलाबडाले त छुट्टै बक्सिस पनि दिन्थे। धार्मिक कार्यक्रममा मात्र नभई ठूलाबडाको जन्मोत्सव, साँस्कृतिक कार्यक्रममा उनको खोजी हुन्थ्यो। तर, अब काम पाउन गाह्रो छ। गरिखाने उपाय केही नभएपछि उनी बूढेसकालमा भारी बोक्ने काम खोज्दैछन्। 'अरू सीप छैन, बाबुबाजेले बाजा बजाउन मात्र सिकाए,' उनी दुःखेसो सुनाउँछन्, 'पेट पाल्नलाई केही त गर्नैपऱ्यो।'

कुनै बेलाका विख्यात दमाहा मास्टरलाई बूढेसकालमा भारी र नाम्लोको सहारा लिनुपरेको छ। परम्परागत पेसा अङ्गाल्दै आएका गन्धर्व र दमाईं जातिको पुर्ख्यौली पेसा सङ्कटमा परेपछि विजोगमा परेको समुदायका एउटा पात्र मात्र हुन् उनी। आधुनिकताका नाममा विदेशी संस्कृतिले गाँजेपछि पुर्ख्यौली पेसा गुमेर बिचल्लीमा परेका उनीजस्ता धेरै छन्। वीरेन्द्रनगर-२ गैह्रीगाउँका ७३ वर्षीय पदमबहादुर नेपालीको पीडा पनि उस्तै छ। ६० वर्षदेखि सहनाई बजाउँदै गुजारा चलाएका उनको सहनाई अहिले घरको कुनामा कुच्चिएको अवस्थामा थन्किएको छ, खिया लागेको छ।

दमाहा मुसाले काटेर काम नलाग्ने भएपछि पानी राख्ने भाँडो बनेको छ। गुजारा चलाउन उनी यो उमेरमा भारी बोक्ने काम खोज्दै हिँड्न र खोलाकिनारमा गिट्टी कुट्न बाध्य छन्। 'ठूलाबडा' का साथ बाजा बजाउन जाने उनी अहिले गिट्टी कुट्न खोला चहार्छन्, भारी बोक्ने कामको खोजीमा गल्लीगल्ली धाउँछन्। 'सहनाई बजेको सुन्दा हेर्ने मान्छेको भीड लाग्थ्यो, नामसँगै दाम पनि राम्रो हुन्थ्यो, अहिले यस्तो विजोग देख्दा मन थाम्न सक्दिनँ,' उनले दुःखेसो सुनाउँदै भने, 'अब त नाम पनि हरायो, काम पनि छैन।'

संस्कृतिको बचाउ गर्दै बाजागाजा बजाएर गुजारा चलाउने दमाईं र गन्धर्व जातिको परम्परागत पेसा सङ्कटमा पर्ने मुख्य कारण दसवर्षे माओवादी 'जनयुद्ध' पनि हो। २०५२ सालमा माओवादी युद्ध सुरु भएपछि आफ्नो पेसामा प्रहार मात्रै भएको ठान्छन् उनीहरू। किनभने त्यसपछि गाउँघरमा बिहेमा पनि पञ्चेबाजा बजाउन प्रतिबन्ध लगाइयो, भोजभतेर, पूजाआजा हुन छाडे। गाउँमा 'ठूलाबडा' बस्न सक्ने अवस्था भएन। 'वर्षमा ४०-४५ कार्यक्रममा बाजा बजाउँथें, त्यसले वर्षभरि खान लाउन पुग्थ्यो,' पदमबहादुर सम्झन्छन्, 'अहिले त एक-दुईवटा कार्यक्रम पनि पाइँदैन।' नेपाली कला संस्कृतिलाई परिवर्तन गरी 'बन्दुक र बारुदको संस्कृति' भित्र्याएका माओवादीले पञ्चेबाजाजस्ता बाजा नबजाउन धम्की पनि दिए। १५ वर्षको उमेरदेखि दमाहा बजाउँदै आएका कलवीर नेपाली भन्छन्, 'उनीहरूले धम्क्याएपछि हामीले बजाउनै छाड्यौं।'

दमाईं र गन्धर्वहरूको यो पेसा सङ्कटमा पर्दै जानुको अर्को कारण युवापुस्ताले 'लाज'ले पेसालाई निरन्तरता नदिनु पनि हो। कति त पढेलेखेर 'आधुनिक' बन्न पनि पुर्ख्यौली पेसा बिर्से। तर, यो त्यति ठूलो समस्या होइन। किनभने कलवीर भर्खरका युवा हुन् तर, उनले पुर्ख्यौली पेसा धानेकै छन्। खोर्के खोलाको किनारमा सानो झुपडीमा ५ जनाको परिवार पालेका कलवीरले धेरै वर्ष पुर्खाको बिँडो थामे। तर, अहिले कामै पाइन छाडेपछि विजोग छ। 'आम्दानी पनि हुन्थ्यो,

*दमाहा मुसाले काटेर काम नलाग्ने भएपछि पानी राख्ने भाँडो बनेको छ। गुजारा चलाउन उनी यो उमेरमा भारी बोक्ने काम खोज्दै हिँड्न र खोलाकिनारमा गिट्टी कुट्न बाध्य छन्। 'ठूलाबडा' का साथ बाजा बजाउन जाने उनी अहिले गिट्टी कुट्न खोला चहार्छन्, भारी बोक्ने कामको खोजीमा गल्लीगल्ली धाउँछन्। 'सहनाई बजेको सुन्दा हेर्ने मान्छेको भीड लाग्थ्यो, नामसँगै दाम पनि राम्रो हुन्थ्यो, अहिले यस्तो विजोग देख्दा मन थाम्न सक्दिनँ,' उनले दुःखेसो सुनाउँदै भने, 'अब त नाम पनि हरायो, काम पनि छैन।'*

समुदायमा रमाइलो हुन्थ्यो, धेरैजना रमाइलो मानेर नाचगान गर्दा छुट्टै आनन्द आउँथ्यो। तर, अब त्यो रहेन,' उनी भन्छन्, 'अब त दिनभर शरीर घोट्दा पनि ज्याला मजदुरीमा ४०-५० रुपैयाँ कमाउन गाह्रो हुन्छ।' धर्म, ज्ञान र संस्कृति जोगाउनुपर्छ भन्दै पञ्चेबाजा बजाउने युवा कलवीर अहिले भरिया भएका छन्।

'सबैले विदेशी संस्कृति सिके, आफ्नै संस्कृति बिर्सेपछि के लाग्छ,' उनी चिन्ता सुनाउँदै भन्छन्, 'यस्तै हो भने एक दिन हाम्रा सबै संस्कृति मेटिन्छन्।' दमाईंका सहनाई बाजासँगै गन्धर्वको बाँच्ने आधार भनिने सारङ्गीको अस्तित्व पनि सङ्कटमा परेपछि गन्धर्व समुदायको पनि विजोग भएको छ। नेपाली गीतसङ्गीतमा अहिले पनि सारङ्गीको आवाज सुन्न पाइन्छ, तर सारङ्गी चलाउने गन्धर्वहरू भने विजोगको दिन बिताउँदैछन्। मादलको सुर र ताल दुवै छोप्न सक्ने सारङ्गी र अर्वाजको नक्कल गरी बनाइएको विदेशी गितार अहिले छ्याप्छ्याप्ती छन्। आधुनिक र विदेशी बाजाले आफ्नो संस्कृति र पेसामै प्रश्नचिह्न लागेको बताउँदै उत्तरगंगाका नरबहादुर गन्धर्व दुःखेसो सुनाउँछन्, 'हाम्रो त अस्तित्व सकिन लाग्यो।' पहिले-पहिले हरेक कार्यक्रममा उनको सारङ्गीको माग

हुन्थ्यो । तर, अहिले ठ्याक्कै उल्टो छ, काम त पाउन छाडियो नै साँझबिहानको गुजारा गर्न पनि धौधौ छ । 'सारङ्गी छाडेर अरू काम गरौं भने पुर्खाको चिनो छाड्न मनले मान्दैन, नगरौं भने पेट भर्ने उपाय हुँदैन,' दोधारमा रहेका उनी भन्छन्, 'हाम्रो पीडा कसले सुनिदिने ?'

आधुनिक बाजागाजाको प्रचलन र संस्कृतिको प्रवेशले पुर्ख्यौली पेसा सङ्कटमा परेको छ। धेरैको रोजगारी गुम्यो । पुर्खादेखि चल्दै आएको चलन मेटिँदै गएकोमा चिन्ता छ उनीहरूलाई । शिक्षादीक्षा र अन्य वैकल्पिक पेसाको सीप नभएकाले उनीहरूलाई जीवन गुजारा गर्ने गाह्रो छ । गरिआएको पेसा नछोडे पेट भर्ने समस्या, छोड्ने हो भने पुर्खाको चिनो मेटिने डर । यही चिन्ताले ग्रस्त वीरेन्द्रनगर-५ चिसापानीका गंगाराम गन्धर्व भन्छन्, 'हाम्रो पेसामात्रै होइन, नेपालीको परिचय पनि हो पञ्चेबाजा र सारङ्गी । अब यो कस्तो दिन आयो हजुर ?'

रोजीरोटी सङ्कटमा परेपछि परम्परागत बाजागाजा बजाउनेको सङ्ख्या पनि घट्दैछ, यही स्थिति रहे लोपै हुने अवस्था आउन सक्छ । त्यसैले गन्धर्व जातिले नेपाल गन्धर्व विकास सङ्घ गठन गरी यसको संरक्षण गर्ने प्रयास थालेका छन् । तर, एउटा जातिको प्रयासले मात्र के हुन्थ्यो र ? सङ्घका अध्यक्ष बद्री गन्धर्व भन्छन्, 'नेपालीको पहिचान मेटिन लाग्दा पनि सरकार चुपचाप बसेको देख्दा दुःख लाग्छ ।' उनीहरू सरकारले आफ्नो संस्कृति संरक्षण गर्नुपर्ने बताउँछन् । पदमबहादुर भन्छन्, 'सरकारले छुट्टै नियम बनाएर हाम्रो पेसा र पञ्चेबाजा संरक्षण गर्नुपर्छ ।' तर, विदेशी संस्कृतिले जरा गाडिसक्दा पनि यसमा सरकारको चासो देखिँदैन ।

कला र संस्कृति संरक्षण विकासका लागि एक दसकअघि सुर्खेतमा स्थापित वागिना समूहका अध्यक्ष गोविन्द कोइराला भन्छन्, 'पश्चिमी संस्कृतिका कारण लोप भएको मौलिक संस्कृतिको जर्गेना गर्नेतर्फ राज्यले चासो दिएकै छैन । हाम्रो पहिचान अतीत मात्र रहनेछ ।' गन्धर्व र दमाईं समुदायको पुर्ख्यौली पेसामात्रै होइन, नेपाली मौलिक कला र संस्कृति पनि हुन् सारङ्गी अनि पञ्चेबाजा । तर, संस्कृति लोप हुन लागिसक्दा पनि सरकारको चिन्ता नदेखिनु सबैको चिन्ताको विषय होइन र ?

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# पैसा माग्नुपर्ने अवस्था छैन अब

***शिक्षा कार्यालयले शिक्षा उत्प्रेरिकाहरूमार्फत आर्थिक रूपले विपन्न वर्गमा गई महिला समूह गठन गर्न र आर्थिक क्रियाकलाप सञ्चालन गर्न सहयोग गरेपछि यहाँका महिलाले आफ्नो जीवनस्तरमा परिवर्तन आएको महसुस गरेका छन् । पानीपँधेरो र घाँसदाउरा गर्दा एक-अर्कासँग भेटी घरायसी कुरा मात्र गरेर भेटलाई आत्मीय बनाउने यी महिला अहिले तालिम, गोष्ठीमा सहभागिता जनाई समूहको प्रगति र समस्याका कुरा पनि गर्छन् ।***

**✍ लक्ष्मी गिरी**

**नुवाकोट**/ काठमाडौंमा गलैंचा उद्योग सञ्चालन गरिरहेका खड्कादम्पतीको सम्पूर्ण सम्पत्ति घाटामा गएपछि विदुर नगरपालिकाको धन्सारमा आई बस्न बाध्य भयो । केही समयपछि उषाको श्रीमान्मा क्षयरोगका लक्षण देखापर्न थाल्यो । एक त गरिबी त्यसमाथि रोगी श्रीमान्, घरको आर्थिक भार र श्रीमान्को उपचार चाँडै गराउनुपर्ने जिम्मेवारी उनको काँधमा आइपर्‍यो । यी सबै कामका लागि ऋण लिनुबाहेक अर्को कुनै विकल्प रहेन । साहुले उनलाई ऋण पत्याउन उनीसँग केही थिएन । एउटा सानो छाप्रोबाहेक अरू कुनै धरौटी राख्ने आधार पनि थिएन । यस्तो आपतको बेलामा उनले महिला समूहबाट आठ हजार रुपैयाँ सस्तो ब्याजदरमा लिई श्रीमान्को उपचार गराइन् ।

समूहले दिएको रकमकै कारण आफनो उपचार भएकोमा खुसी छन् उनका लोग्ने । त्यसैले उनका लोग्ने पनि रक्तकाली महिला समूहको मासिक बैठकमा आउने गर्दछन् । नियमअनुसार बचत गर्नुपर्ने मासिक ५० रुपैयाँ

खातामा चढाउँछन् । ऋणको किस्ता पनि नियमित तिर्छन् ।

यस्तै रक्तकाली महिला समूहकी सम्झना डङ्गोललाई काँचो इँटाको एउटा मात्र कोठा भएको सानो घरमा आठ सदस्य बस्नुपर्ने बाध्यता थियो । सम्झना डङ्गोलको मनमा सधैँ यही कुरा खड्किरहन्थ्यो । श्रीमान्सँग उनले अर्को घर बनाउने कुरो नगरेकी पनि होइनन् । त्यसो त उनको श्रीमान्को पनि नयाँ घर बनाउने चाहना नभएको कहाँ हो र ? परिवारको थोरै आय अनि खेतीबाट आउने थोरै अन्न । धेरै वर्षदेखि नयाँ घर बनाउने कुरासम्म सोचेका थिएनन् उनीहरूले । तर, अहिले परिवारका सदस्यले घर कसरी बनाउने भन्ने सोचिसकेका छन् । आफूले बचाएको केही रकम र महिला समूहबाट ऋणस्वरूप लिएको दस हजार रुपैयाँ घर निर्माणमा खर्च गर्ने तर्खरमा छन् डङ्गोलदम्पती ।

बिहान आठ-नौ बजेको समय बच्चाहरूलाई स्कुल पठाउने, मेलापात जाने, घाँसदाउरा काट्ने आदि काम सकेर चारघरे मूलथलाका महिलाहरू बैठकमा पुग्छन् । उनीहरू समयसमयमा आकस्मिक बैठक पनि बस्छन् । आफ्नो महिला समूहले पालेका बाख्रा मर्ने, कुनै बाघले खाने, कहिले पाठापाठी तुहिनेजस्ता समस्या आउँछन् । यस्ता समस्या आएपछि उनीहरू २५/२६ जना जम्मा भई घाटालाई कसरी मिलाउने भन्ने विषयमा छलफल गर्छन् । समूहका प्रत्येक सदस्यले घाटा बेहोर्नुपर्ने एउटा खाकासहित उनीहरूको आकस्मिक बैठक सकिन्छ ।

त्रिशूलीपारि चारघरे मूलथलाका महिलाको दिनचर्यामा परिवर्तन आएको छ अहिले । बेलाबेलामा तालिम, गोष्ठीमा सहभागी हुनु, सदरमुकाम विदुर गई आफ्नो समूहको बारेमा जानकारी गराउनुजस्ता काम गर्दछन् उनीहरू । जिल्ला शिक्षा कार्यालयले सञ्चालन गरेको प्रौढ शिक्षा प्रथम र द्वितीय चरणहरू पूरा गरेका महिलाले शिक्षा उत्प्रेरिकाको सहयोगमा समूह गठन गर्ने गरेका छन् । कमजोर आर्थिक अवस्थाका महिलालाई लक्षित गरेर विगत चार वर्षदेखि शिक्षा कार्यालयले आयमूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । प्रौढ शिक्षा पूरा गरेका नौजना महिलाले एउटा समूह बनाई, आफूहरूमध्ये बढी पढ्न जान्नेलाई सचिव तोकी अध्यक्षसमेत छान्ने गर्दछन् । यसरी गठन भइसकेपछि प्रत्येक सदस्यबाट १ हजार १ सय ११ रुपैयाँ र ११ पैसा सङ्कलन गरी एकमुष्ट दस हजार रुपैयाँ हुलाक बचत बैंकमा जम्मा गर्दछन् । सो बचतको जानकारी जिल्ला शिक्षा कार्यालयलाई दिएपछि आयमूलक कार्यक्रमको तर्फबाट दस हजार अनुदानस्वरूप प्राप्त गर्दछन् । यसका साथै समूहका प्रत्येक सदस्यले सहमतिअनुसार दसदेखि पचास रुपैयाँसम्म मासिक बचत गर्दछन् ।

*पानीपँधेरो र घाँसदाउरा गर्दा मात्र एक-अर्कासँग भेटी घरायसी कुरा गरेर भेटलाई आत्मीय बनाउने त्रिशूलीपारि चारघरे मूलथलाका महिलाको दिनचर्यामा परिवर्तन आएको छ अहिले । बेलाबेलामा तालिम, गोष्ठीमा सहभागी हुनु, समूहको प्रगति र अवस्थाप्रति चासो राखी सदस्यबीच छलफल गर्नु, सदरमुकाम विदुर गई आफ्नो समूहको बारेमा जानकारी गराउनुजस्ता कार्य उनीहरूको समूह गठनपछिको महत्वपूर्ण कार्यअन्तर्गत पर्दछन् ।*

गठित महिला समूह कुनैले अदुवा खेती त कुनैले बाख्रापालन गर्ने गरेका छन् । यस्तो महिला समूहका सबै सदस्यका लागि उनीहरूको निर्णयअनुसार व्यावसायिक तालिम दिन जिशिकाले सहयोग गर्छ । साथै अध्यक्ष र सचिवलाई छुट्टै रूपमा बचत तथा ऋण तालिम उपलब्ध गराउँछ । व्यावसायिक कार्यमा लगानी गरी बाँकी रहेको रकम समूहका सबै सदस्यलाई मान्य हुने ब्याजदर निर्धारण गरी समूहमा नै ऋण लगानी गर्दछन् । एक-आपसमा आर्थिक कारोबार गरी उनीहरूकै शब्दमा 'आर्थिक स्वतन्त्रता' पाएको अनुभूति महिलाहरू गर्दछन् ।

'समूहमा नहुँदा त एउटा चुरा र टीका किन्न पनि घरमा पैसा माग्नुपर्थ्यो । त्यो पनि भन्नेबित्तिकै पाइन्थ्यो र ? अब अहिले हामीलाई दुई-चार सयका लागि श्रीमान्, ससुराको मुख ताक्नुपर्दैन । बरु घरखर्च गर्न अनि केही नयाँ कुरा गर्नलाई हामीसँग पो सल्लाह गर्दछन्,' बालकुमारी महिला समूहकी कान्छी डङ्गोल समूहमा लागेपछि आफूमा आएको परिवर्तनको बारेमा जानकारी गराउँछिन् ।

अक्षर पनि नचिन्ने महिलालाई प्रौढ शिक्षाबाट लेख्न र पढ्न सिकाइ आयमूलक कार्यक्रममा समावेश गराउने लक्ष्य जिशिकाले लिएको छ ।

'आयमूलक कार्यक्रमले हामीलाई आर्थिक सहायता मात्र गरेको छैन, बोल्न सक्ने पनि बनाएको छ,' वनदेवी महिला समूहकी सीता पन्थी भन्छिन् । उनको कुरालाई समर्थन गर्दै शिवशङ्कर महिला

समूहकी सरस्वती रिमाल थप्छिन्, ‘पहिला हामीलाई चुलाचौका, घाँसपातबाहेक केही थाहा थिएन । समूहमा बसेपछि हामीले साँच्चिकै हाम्रो महत्व थाहा पायौं ।’

जिल्ला शिक्षा कार्यालय नुवाकोटले जिल्लाभरि समूह गठन गराउन तीनजना शिक्षा उत्प्रेरिका पनि स्थानीयस्तरबाट नै खटाएको छ । गठित महिला समूह र जिशिकाबीचमा रहेर उत्प्रेरिकाले पुलको काम गर्दछन् ।

सुरुका दिनमा महिलाको एउटा मात्र समूह गठन गर्न पनि गाउँगाउँमा हप्तौं डुल्नुपरेको अनुभव शिक्षा उत्प्रेरिका सीता गिरीको छ । गिरी थप्छिन्, ‘पहिले श्रीमतीलाई समूहमा बस्न नदिने श्रीमान्‌हरू पनि अहिले श्रीमतीलाई समूहमा संलग्न गराउन आग्रह गर्दछन् ।’

विगत चार वर्षदेखि अनौपचारिक शिक्षा केन्द्रले जिशिकामार्फत आयमूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । आर्थिक वर्ष ०६२/०६३ मा शिक्षा केन्द्रले नुवाकोट जिल्लाभरिमै २९ वटा आयमूलक कार्यक्रम सञ्चालन गरेको थियो । सो आर्थिक वर्षमा आयमूलक कार्यक्रम सञ्चालन गर्ने समूहलाई २ लाख ९० हजार सिड्मेनी (जोड कोष) लगानी गऱ्यो । त्यसैगरी चालू आर्थिक वर्ष ०६३/०६४ का लागि ३० वटा आयमूलक महिला समूहमा केन्द्रले शिक्षा कार्यालयमार्फत ३ लाख सिड्मनी कोषमा लगानी गरेको छ ।

शिक्षा कार्यालयले नुवाकोटका दुर्गम क्षेत्रका दलित, जनजाति र आर्थिक रूपले विपन्न वर्गमा गई महिला समूह गठन गर्न शिक्षा उत्प्रेरिकालाई निर्देशन गरेको छ । पञ्चकन्या सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष नारायण डङ्गोल नेपालीको भनाइअनुसार ग्रामीण महिलालाई साक्षर र आर्थिक निर्णय गर्न सक्ने नबनाएसम्म गाउँमा जस्तोसुकै विकास कार्यक्रम पनि दिगो रूपमा सफल हुन सक्दैन । आफ्नो वन समूहमा भएका महिलालाई आयमूलक कार्यक्रममा संलग्न हुने सल्लाह  दिन डङ्गोल स्वतस्फूर्त दौडधुप गरिरहेका छन् ।

> *शिक्षा कार्यालयले नुवाकोट दुर्गम क्षेत्रका दलित, जनजाति र आर्थिक रूपले विपन्न वर्गमा गई महिला समूह गठन गर्न सहायता गर्न शिक्षा उत्प्रेरिकालाई निर्देशन गरेको छ । पञ्चकन्या सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष नारायण डङ्गोल नेपालीको भनाइअनुसार ग्रामीण महिलालाई साक्षर र आर्थिक निर्णय गर्न सक्ने नबनाएसम्म गाउँमा जस्तोसुकै विकास कार्यक्रम पनि दिगो रूपमा सफल हुन सक्दैन ।*

अनौपचारिक शिक्षा केन्द्रले सञ्चालन गरेको यस्तो आयमूलक कार्यक्रमले महिलाको आर्थिकस्तर उकास्नेदेखि लिएर सामाजिक व्यक्तित्व विकासमा समेत अत्यन्त महत्वपूर्ण भूमिका खेलेको शिक्षा उत्प्रेरिका महन्त गिरी बताउँछिन् । गिरीका अनुसार सुरुका दिनमा समूह गठन गर्न जाँदा महिला बोल्न नसक्ने, पछाडि मात्र बस्ने, घरका पुरुष सदस्यहरूसँग डराएर बोल्ने गर्दथे । तर, अहिले अवस्थामा परिवर्तन आएको छ । गिरी अगाडि थप्छिन्, ‘उनीहरू आफ्ना कार्यको प्रगति-विवरण सुनाउन हामी उत्प्रेरिकालाई बोलाउँछन् । यस्तो किसिमको आयमूलक कार्यक्रमको निरन्तरता, सम्बन्धित निकायबाट बेलाबेलामा निरीक्षण गरी उचित हौसला दिने हो भने आगामी दिनमा ग्रामीण क्षेत्रको गरिबी कम गर्न सकिन्छ । र, यो नै महिला सशक्तीकरणको कोसेढुङ्गो सावित हुने देखिन्छ ।

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# ताम्राकारको पेसा सङ्कटमा

*पहिले-पहिले गाउँमा गरिने बिहे, पूजालगायतका धार्मिक कार्यक्रममा तामाका भाँडा नभई हुँदैनथ्यो । गाउँमा फाट्टफुट्ट हुने अरू धेरै काममा पनि गाउँलेहरूले ताम्राकारले बनाएका भाँडाहरू नै प्रयोग गर्थे । तर अहिले त्यो अवस्था फेरिएको छ । बरु, जताततै बजारिया पाताका भनिने हल्का 'रेडिमेट' तामाका भाँडा प्रयोग गर्ने गरेका छन् । जुन भाँडा किन्दा अलिकति भए पनि सस्ता हुन्छन् । यसैले पनि ताम्राकारको पेसा विस्थापित भएको छ ।*

✍ सङ्गीता पाण्डेय

**अर्घाखाँची**/ केही वर्षअघिसम्म अर्घाखाँची बालदीपका टोपबहादुर ताम्राकारका घरमा तामाका भाँडा किन्नेहरूको लर्को नै लाग्थ्यो । तामाका भाँडाका उपभोक्ताहरू ताम्राकारले बोलेजति रुपैयाँ खुरुखुरु तिर्थे । अनि सुरुसुरु सामान किनेर लैजान्थे । बिहे, पूजा हुने महिनाको त कुरै छोडौं । ७-८ जना कामदार चौबीसै घन्टा काममा खट्थे । र पनि मागअनुसारका भाँडाकुँडा तयार गर्न उनलाई धौधौ पर्थ्यो । तर, अहिले त्यो समय छैन । परिस्थितिले कोल्टे फेरिसकेको छ । जसले गर्दा तिनै ताम्राकार टोपबहादुरको आरन नचलेको डेढ वर्ष पुगिसकेको छ । धेरैलाई रोजगार दिने उनी आफैं बेरोजगार बनेका छन् ।

उनलाई आफ्नो पेसा अहिले मुखमा परेको तातो पिँडालुझैं निल्नु न ओकल्नु भएको छ । अभाव र अन्योलले एकैपटक सताएको छ । हजारौं कमाइ भएको पेसाबाट सुको आम्दानी नहुँदा चिन्ताले शरीर सुकाएको छ । घरखर्च ऋणमा चलेको छ । आफन्तले पेसा नै परिवर्तन गर्ने सल्लाह दिइरहेका छन् । तर, उनी भने अलमलमा छन् । के ठीक के बेठीक, छुट्याउन सकिरहेका छैनन् । न पेसा चट्ट छोड्न सक्छन् न त पेसा अङ्गालेर बाँच्न सक्ने अवस्था नै छ ।

टोपबहादुर गुनासो गर्छन्, 'छोडुँ बाजेबराजुका पालादेखिको पेसा कसरी छोडुँ ? नछोडुँ यसबाट आम्दानी हुनै छाड्यो । पेसाले घरपरिवार धानेन । अब के गर्ने, कसरी गर्ने ? परम्परा धान्ने धर्म सङ्कट एकैपटक मैमाथि आइलागेको छ ।'

यस्तो अवस्था कसरी र किन आयो त ? टोपबहादुर भन्छन्, 'मानिसले दैनिक उपयोगमा तामाका भाँडा चलाउनै छोडे । तामाका सट्टामा सजिला र सस्ता भन्दै स्टिल, गिल्टी र प्लास्टिकका भाँडाकुँडाको प्रयोग गर्न थाले । यसैले तामाका भाँडाको व्यापार कम भएको हो । यसैमाथि धेरै मानिसले अहिले पूजाआजामा पनि ध्यान दिन छोडिसके । अनि त हाम्रो व्यापार अलिअलि गरी सुक्दै ठ्याम्मै बन्द भयो ।'

कुरा अर्घाखाँची केरुंगा- १ बालदीपका

*अभाव र अन्योलले एकैपटक सताएको छ । हजारौं कमाइ भएको पेसाबाट सुको आम्दानी नहुँदा चिन्ताले शरीर सुकाएको छ । घरखर्च ऋणमा चलेको छ । आफन्तहरूले पेसा नै परिवर्तन गर्न सल्लाह दिइरहेका छन् । तर, उनी भने अलमलमा छन् । के ठीक के बेठीक, छुट्याउन सकिरहेका छैनन् । न पेसा चट्ट छोड्न सक्छन् न त पेसा अङ्गालेर बाँच्न सक्ने अवस्था नै छ ।*

टोपबहादुरको मात्र होइन । अर्घाखाँचीका केरुंगा, बल्कोट, माझकोट, अर्घातोष, मरेंग, वागीलगायतका तामाका भाँडा बनाउने सबै ताम्राकारको स्थिति अहिले उस्तै छ । साँझबिहानको छाक कसरी टार्ने भन्ने समस्याले उनीहरू सबैलाई सताएको छ ।

विश्वकर्मा भए पनि तामाको काम गरेबाट ताम्राकार थर रहेका अधिकांशको जीवन चलाउने स्रोत भनेको तामाका भाँडाकुँडाको कारोबार नै हो । परम्परादेखि नै उनीहरूले तामा किन्ने, नयाँ-पुराना भाँडा बनाउने र बेच्ने गर्दथे । जसबाट उनीहरूको गुजारा सजिलै चलेको थियो । त्यति मात्रै होइन, अरू विश्वकर्माभन्दा ताम्राकारहरू आर्थिक रूपले सम्पन्न पनि थिए । तर, समाजको विकाससँगसँगै तामाका भाँडाको प्रचलन हराउँदै गयो । अलिअलि गर्दै अहिले उनीहरूको पेसा ठ्याम्मै बन्द भयो । पाइराखेको

रोजगारी हरायो। हुँदाहुँदा अब त उनीहरूका घरमा चुलोसमेत नबल्ने स्थिति आएको छ।

'लगभग सबै ताम्राकारको स्थिति अहिले अति नै नाजुक भएको छ। कुनै पनि ताम्राकारको राम्रो खेतबारी छैन। ससानो पाखो बारीको अन्नले छाक धानिन्न। यसमाथि सन्तान धेरै छन्। समस्या र सन्तापले सताएको छ,' अर्घातोषका वीरबहादुर ताम्राकारले आफ्नो समस्या बताए।

हुन पनि धेरैजसो यहाँका ताम्राकारको छोराछोरी पढाउने चलन नै छैन। जसले गर्दा उनीहरूले अरू वैकल्पिक पेसा गर्न पनि सक्दैनन्। अर्कोतिर उनीहरूलाई सीपअनुसारको रोजगार दिनेबारे सरकारी पहल पनि छैन। जसले गर्दा कोही वैकल्पिक पेसाका लागि विदेश पलायन भइसकेका छन् भने धेरै विदेश जाने तरखरमा छन्। कोही भने अब के गर्ने, के नगर्ने भन्ने कुरामै अलमलमा परेका छन्।

पेट पाल्नका लागि के गर्ने भन्ने अलमलमा परेकामध्ये स्वारा अर्घातोषका सूर्यबहादुर ताम्राकार भन्छन्, 'उतिबेला काम थियो। दाम पनि थियो। अहिले त काम र दाम दुवै छैन। तामाका भाँडा बनाउनेभन्दा अरू सीप पनि छैन। उमेर पनि छैन। कसरी गुजारा चलाउने ? बिचल्लीमा परेका छौं।'

तामाका भाँडाको पुर्ख्यौली व्यवसाय गर्दै आएका सूर्यबहादुरका भनाइमा सबैभन्दा दुःख अहिले घरमा छोरा नभएका र छुट्टाछुट्टै बस्न थालेका वृद्ध ताम्राकारहरूलाई परेको छ। 'जन्मेदेखि तामाको काम गरियो। अब अरू काम गरेर खान सक्ने अवस्था पनि छैन, के गर्ने,' गहभरि आँसु पार्दै उनले भने।

स्थानीयवासीका अनुसार पहिलेपहिले गाउँमा गरिने बिहे, पूजालगायतका धार्मिक कार्यमा तामाका भाँडा नभई हुँदैनथ्यो। गाउँमा फाट्टफुट्ट हुने अरू धेरै काममा पनि गाउँलेले ताम्राकारका भाँडाहरू नै प्रयोग गर्थे। तर, अहिले अवस्था फेरिएको छ। बरु, जताततै बजारिया पाताका भनिने हल्का रेडिमेट तामाका भाँडा प्रयोग गर्ने गरेका छन्। जुन तुलनात्मक रूपमा तामाका परम्परागत भाँडाभन्दा केही सस्ता हुन्छन्। यसैले पनि ताम्राकारको पेसा ओझेलमा पर्न गएको छ।

केरुंगा- १ का देवीप्रसाद खनाल भन्छन्, 'ताम्राकारले बनाएका तामाका भाँडा महँगो हुन्छन्। त्यसको बदलामा बजारिया तामाका भाँडा धेरै सस्ता पर्छन्। सस्तो पनि पाइने काम पनि चल्ने, यसैले बिहे र पूजाआजामा पनि किन्न छाडेका हौं।'

आफूले बनाएका तामाका भाँडाकुँडा महँगो भएको कुरा ताम्राकारहरूले पनि स्वीकार गरेका छन्। जवाफमा उनीहरू आफ्ना भाँडा अरूभन्दा भरपर्दो भएको दाबी गर्छन्। 'हामीले बनाएका भाँडा बाक्ला र टिकाउ हुन्छन्। त्यसैले अलिकति महँगो त हुने नै भए। उनीहरू यो बुझ्दैनन्। त्यसैले सस्तोमा कमसल किनेर

*पेट पाल्नका लागि के गर्ने भन्ने अलमलमा परेकामध्ये स्वारा अर्घातोषका सूर्यबहादुर ताम्राकार भन्छन्, 'उतिबेला काम थियो। दाम पनि थियो। अहिले त काम र दाम दुवै छैन। तामाका भाँडा बनाउनेभन्दा अरू सीप पनि छैन। उमेर पनि छैन। कसरी गुजारा चलाउने ? बिचल्लीमा परेका छौं।'*

निर्वाह चलाउँछन्,' बल्कोटका माहिला ताम्राकारले सुनाए।

दलित बुद्धिजीवी कहलिएका गोमबहादुर विकका अनुसार पहिले दलितहरूमा सबैभन्दा बढी चल्ने पेसा ताम्राकारहरूको थियो। धेरै कमाउने पनि तिनै ताम्राकारहरू नै थिए। तर, अहिले उनीहरूको पुर्खौली पेसा सङ्कटमा परेको छ। सबैको अवस्था दयनीय छ। कतिको घरमा त चुलो नबल्ने स्थितिसमेत आइसक्यो। तैपनि उनीहरूका बारेमा कसैले पनि कुनै काम गरेको पाइँदैन। एकातिर दलित, अर्कोतिर गरिब उसमाथि शैक्षिक चेतना शून्य। जसले गर्दा ताम्राकारहरूको सामाजिक अवस्था पनि उदेकलाग्दो भएको छ। केरुंगा गाविसका स्थानीय प्रतिनिधिसमेत रहेका विक भन्छन्, 'एकातिर ताम्राकारहरू भोकभोकै पर्ने स्थिति छ। अर्कोतिर, पुर्खौली पेसा र जातीय पहिचान पनि मेटिन लागेको छ। तर कसैलाई कुनै चिन्ता छैन। सरकारले त हेरेन-हेरेन, दलित सङ्घसंस्थाहरूले पनि ताम्राकारको उद्धार गर्ने पहल गरेका छैनन्। यो अचम्म हो।'

दलित कार्यकर्ता मीना नेपाली भन्छिन्, 'धेरैपटक ताम्राकारको कुरा केन्द्रमा पुऱ्यायौं, जिल्लामा उठायौं। तर खै कतैबाट सुनुवाइ भएको होइन। जातीय पहिचान नै मेटिनलाग्दा पनि दलित सङ्घसंस्था र राष्ट्र सबैबाट बेवास्ता हुनु लाजमर्दो कुरा हो।'

स्थानीय सामाजिक कार्यकर्ता झविलाल पाण्डेका अनुसार उनीहरूको मुख्य समस्या आर्थिक र छुवाछूत हो। उनीहरूलाई छुवाछूतमुक्त गरी आर्थिक उपार्जन गर्ने काम दिलाइदिनुपर्दछ। गाउँमै गर्न सकिने काम पनि प्रसस्त छन्। तर, बाटो देखाइदिने मान्छेको अभाव छ। समस्या समाधानका लागि गाउँगाउँबाट पहल हुनुपर्ने तर्क पाण्डे अगाडि सार्छन्। 'राष्ट्र र दलित

सङ्घसंस्था दुवैबाट जिम्मा लिइनुपर्छ । जातीय पेसाका कारण कुनै जाति पनि सङ्कटमा पर्नुहुँदैन,' उनले भने ।



# को बन्ने अभिभावक यिनीहरूको ?

*थुप्रै बालबालिका सडकलाई आफ्नो 'घर' बनाएर बसेका छन् । यी सडकबालबालिका सामाजिक संस्थाका कमाइखाने 'साधन' बनेका छन् । अधिकांश गैससले बालबालिकाका लागि आवधिक गृह बनाएर आफ्नो परियोजना सफल बनाउँछन । तर वैदेशिक सहयोग सकिएपछि बालबालिकालाई सडकमा छोडिदिन्छन् ।*

✍ **कविता अधिकारी**

**काठमाडौं ।** घर र समाजबाट अपहेलित भएपछि व्यक्ति कहाँ जान्छ ? उत्तर आउन सक्छ, गैरसरकारी संस्था । हुन पनि अहिले बेसहाराको सहारा सामाजिक संस्था नै हो भन्ने कुरा बुझ्न र देखिन थालेको छ । तर, सिन्धुपाल्चोक स्थायी घर भएकी सावित्री गुरुङलाई त्यसो भएन । सामाजिक सेवामा लागेका भन्नेहरूबाटै झन् अपहेलित हुनुपर्‍यो ।

सानै उमेरमा घरायसी कारणबाट राजधानी आएकी सावित्रीको कथा लामो छ । राजधानीको मोहबाट तानिएकी सावित्री बाँच्नका लागि देहव्यापारमा संलग्न भइन् । ११ वर्षको उमेरदेखि देहव्यापारमा संलग्न भएकी सावित्री अहिले २४ वर्षकी भएकी छिन् । उनी एचआईभीबाट सङ्क्रमित छिन् । उनलाई एचआईभी लागेको थाहा भएपछि उपचार गराउन विभिन्न सङ्घसंस्थामा सहयोग मागिन् । तर, उनको कथाव्यथाप्रति कसैले ध्यान दिएन । तर, उनलाई लाग्यो- सामाजिक सङ्घसंस्थाले केही सहयोग गर्ला । सोहीअनुरूप उनी चाइल्ड प्रोटेक्सन सर्भिस एण्ड केयर सेन्टर (सीपीसीएस) नामको संस्थामा पुगिन् । जहाँ धेरै अप्ठेरोमा परेकाहरूलाई सहयोग गरिन्छ भन्ने उनले सुनेकी थिइन् । तर, सो संस्थाले एचआईभीबाट ग्रसित भएको थाहा पाएर घृणाको रूपमा हेरेपछि सावित्रीको मन कुँडियो । 'सामाजिक संस्थाले समेत यस्तो घृणा गरेपछि मेरो मन नै कुँडिएर आयो,' सावित्रीले भनिन्, 'सडकमा बसेकालाई सामाजिक संस्थाले पनि हेप्दारहेछन् ।'

सडकलाई नै आफ्नो कर्मथलो बनाएका सावित्री मात्रै होइन धेरैको अवस्था दयनीय छ । गैरसरकारी संस्थाले समेत नहेरेपछि उनी सडकमा नै

*अधिकांश सडकबालबालिका लागूपदार्थको दुर्व्यसनबाट ग्रसित छन् । धूमपान, मध्यपान र लागूपदार्थको प्रयोगका कारण क्षयरोग, एचआईभी/एड्सलगायतका गम्भीर रोगबाट पीडित छन् सडकबालबालिका । यस्तै सडकबालबालिका देहव्यापारमा संलग्न रहेको र सुरक्षित यौनसम्पर्कको अभावमा पनि एचआईभी/एड्सको देखिन थालेको छ । समाजका विभिन्न वर्गबाट समयसमयमा आ-आफ्नो स्वार्थअनुसार प्रयोग हुँदै आएका यी बालबालिका मात्र 'प्रयोगका साधन' बनेका छन् ।*

फर्किइन् । अहिले उनले टासी तामाङसित विवाह गरिन् तर उनका पति पनि एचआईभी सङ्क्रमित नै रहेछन् । तर, उनले त्यो रोग उनका पतिलाई सारेकी भने होइनन् । सावित्रीसँग एचआईभी नियन्त्रणका लागि उपचार गर्ने पैसा पनि छैन । अरूले पनि हेप्ने कारणले

*शरीर हेर्दा ख्याउटे देखिने काले दिनहुँ इन्जेक्सनबाट लागूपदार्थ लिने, गम खाने, ठूलठूला पकेटमारसँग लागेर चोर्ने काममा पनि संलग्न हुन्छन् । उनीसँग महँगा-महँगा क्यामेरा, मोबाइल सेट पनि छन् । यसरी सडकबालबालिकाले आफूलाई स्वतन्त्र भएको महसुस गरेर आफ्नो घर पनि बिर्सेका छन् । तर, यस्ता दैनिक रूपमा देखिने सडकबालबालिका हाल लागूऔषधको ओसारपसारमा पनि संलग्न भएका छन् । लागूऔषधको गिरोहले उनीहरूलाई प्रयोग गर्दै आएको पनि सडकबालकहरू बताउँछन् ।*

पनि सडकलाई नै कार्यथलो बनाएर सङ्घर्षको जीवन उनले बिताइरहेकी छिन् । सावित्री मात्र होइन, राजधानीमा यस्ता हजारौं सडकबालबालिकाको पीडा कसैको भन्दा कम छैन । अभिभावकविहीन हजारौं बालबालिका गन्तव्यविहीन भौंतारिइरहन्छन् ।

कीर्तिपुर घर भएका राजेश महर्जन पनि आफ्नो घरायसी समस्याका कारण सडकमा आउनुपरेको बताउँछन् । आमाको मृत्यु र सौतेनी आमाले दिएको पीडा सहन नसकेर उनी सडकमा आएको बताउँछन् । उनी भन्छन्, 'जस्तोसुकै अवस्थामा पनि यो सडक छोड्दिनँ ।'

हालसम्म सिविनको तथ्याङ्कअनुसार सडकबालबालिकाको सङ्ख्या पाँच हजार रहेको छ । जसमध्ये १ वर्षदेखि २६ वर्ष उमेरसम्मका रहेका छन् ।

केन्द्रीय बालकल्याण समितिका अनुसार मुलुकका विभिन्न जिल्लाबाट वार्षिक करिब पाँच सय बालबालिका काठमाडौंका सडकमा आउने गरेको अनुमान छ । करिब ८ हजार बालबालिका सशस्त्र द्वन्द्वका कारण आफू जन्मेको गाउँठाउँबाट विस्थापित भएका छन् । यसरी सडकमा आइसकेपछि यिनीहरूले माग्ने, प्लास्टिक र कागज सङ्कलन गर्ने, पाकेट मार्ने, चोरीमा संलग्न हुने गरेको समितिले जनाएको छ ।

काठमाडौंका सडकबालबालिकाको लिङ्गगत विश्लेषण हेर्दा बालिकाको सङ्ख्या ४ दशमलव ०४ प्रतिशत मात्र रहेको पाइन्छ । यसको मूल कारण छोरीलाई घरबाहिर निस्कन नदिन बढी नियन्त्रणमा राखिने परम्परा नै रहेको समितिको दाबी छ । समितिका अनुसार ५ देखि १० वर्षका ११ दशमलव ५९, ११ देखि १५ वर्षका ४८ दशमलव ५७ र १६ वर्षभन्दा माथि ३९ दशमलव ८४ प्रतिशत रहेका छन् । सडकबालबालिकामध्ये ११-१५ वर्ष उमेरकाको सङ्ख्या अरू उमेर समूहभन्दा बढी (४७ दशमलब ५७ प्रतिशत) रहेको पाइएको छ । यसपछि १६ वर्षमाथिको उमेरका सडकबालबालिका ३९ दशमलव ८४ प्रतिशत र ५-१० वर्ष उमेर समूहका बालबालिका ११ दशमलव ५९ प्रतिशत रहेका छन् ।

सडकमा आएका बालबालिका धेरैजसो ५१ दशमलव ४३ प्रतिशत मध्यम परिवारबाट आएको देखिएको छ । ठूलो परिवारबाट आउनेको सङ्ख्या अपेक्षाकृत निकै कम ४ दशमलव ९५ प्रतिशत छ । सानो परिवारका सडकबालबालिकाको अनुपात पनि उत्तिकै ठूलो सङ्ख्यामा रहेको छ । समितिका तत्कालीन कार्यकारी निर्देशक दीपकराज सापकोटा सडकबालबालिकाको सुरक्षाका लागि सरकारले सामाजिक सुरक्षा नीति ल्याउनुपर्ने बताउँछन् । सापकोटाका अनुसार घरपरिवारबाट अपहेलित, शिक्षाबाट वञ्चितका लागि बृहत्तर नीति आवश्यक छ । सडकमा पुगेका बालबच्चाको हेरचाह सरकारले गर्नुपर्ने दायित्व हो । समितिले सडकबालबालिकाका लागि कार्यक्रम कार्यान्वयन गर्न नसकिने बताउँदै यी यसका लागि सामूहिक पहलको खाँचो रहेको औंल्याउँछन् ।

समितिको अध्ययनअनुसार बालबालिका सडकमा आउनुपर्ने कारणमा सबैभन्दा बढी ३३ दशमलव ५९ प्रतिशत पारिवारिक दुर्व्यवहार रहेको छ । गरिबीका कारण सडकमा आएको बताउनेहरूको अनुपात २६ दशमलव ३२ प्रतिशत रहेको छ । सशस्त्र द्वन्द्वका कारण सडकमा आएको बताउनेहरूको सङ्ख्या भने २ दशमलव ६२ प्रतिशत रहेको छ ।

ग्रामीण क्षेत्रबाट रोजगारको खोजीमा सहरी क्षेत्रमा आउने बालबालिका यौनशोषणको मारमा पर्ने गरेको पाइन्छ । विशेषगरी घरेलु हिंसा र द्वन्द्वका कारणले ग्रामीण भेगबाट सहरमा आउने बालिकामध्ये केही यौन व्यवसायमा संलग्न हुन बाध्य भएको अध्ययनहरूले देखाएको छ । सहरी क्षेत्रमा १६ वर्षमुनिका करिब ५ हजार बालिका यौन-व्यवसायमा संलग्न रहेको अनुमान छ । सडकबालबालिकाले सडकमै विवाहदेखि जीवन निर्वाहसमेत गरिरहेका छन् । यसरी सडकमा जीवन बिताउनेहरूका समस्या धेरै छन् । उनीहरूका समस्याप्रति न सरकार जिम्मेवार बन्न सकेको छ न गैरसरकारी संस्थाहरूले नै चासो देखाएका छन् । माथि उल्लिखित सावित्रीको समस्याका बारेमा सीपीसीएका

कार्यक्रम संयोजक विजेश श्रेष्ठसँग बुझ्दा एचआईभी लागेका कारण उनलाई आफ्नो संस्थामा राख्न नसकेको बताए । उनले भने, 'उनलाई उपचार गर्ने पैसाले अरू दसजनाको शिक्षामा राम्रो हुने देखेर एकजनालाई छाडेर अन्य दसजनाको उद्धार गर्न लागेका हौं ।'

बुटवल स्थायी घर भएका काले साथीहरूकै लहैलहैमा लागेर काठमाडौं आएका हुन् । अहिलेसम्म घरबाट कोही पनि लिन नआएको र सडकमा बस्न नै रमाइलो लागेको उनको अनुभव छ । शरीर हेर्दा ख्याउटे देखिने काले दिनहुँ इन्जेक्सनबाट लागूपदार्थ लिने, गम खाने, ठूलठूला पकेटमारहरूसँग लागेर चोर्ने काममा पनि संलग्न हुन्छन् । उनीसँग महँगा-महँगा क्यामेरा, मोबाइल सेट पनि छन् । यसरी सडकबालबालिकाले आफूलाई स्वतन्त्र भएको महसुस गरेर आफ्नो घर पनि बिर्सेका छन् । तर, यस्ता दैनिक रूपमा देखिने सडकबालबालिका हाल लागूऔषधको ओसारपसारमा पनि संलग्न भएका छन् । लागूऔषधको गिरोहहरूले उनीहरूलाई प्रयोग गर्दै आएको पनि सडकबालकहरू बताउँछन् ।

नुवाकोट घर भएका नवराज दनुवार १३ वर्षको उमेरदेखि काठमाडौंको ठमेलमा बस्दै आएका छन् । उनी प्रायः नशामा नै हुन्छन् । दिनभरि प्लास्टिक बटुलेर पचास रुपैयाँजति कमाउँछन् । उनका साथमा अरू पाँचजनाको समूह पनि छ । दिनहुँ ड्रग्स प्रयोग गर्ने, खाना खान पाइएन भने लागूऔषधको सेवन गर्ने उनीहरूको दिनचर्या बनेको छ ।

दैनिकजसो सडकको फोहोर खेल्ने, प्लास्टिक टिप्ने, पाकेट मार्ने, लागूऔषधको सेवन गर्ने र बिहानबेलुकी सडक छेउमा कार्टुन वा प्लास्टिक ओछ्याएर सुत्ने उनीहरूको नियति बनेको छ । सडकबालबालिकाको संरक्षणका लागि सक्रिय रहेका भनिएका धेरै गैरसरकारी संस्था राष्ट्रिय रूपमै नाममा कहलिएका छन् । तर पनि यी बालबालिकाको समस्या भने समाधान हुन सकेको छैन । अधिकांश गैससले बालबालिकाका लागि आवधिक गृह बनाएर आफ्नो परियोजना सफल बनाउने र वैदेशिक सहयोग सकिएपछि बालबालिकालाई सडकमा फालिदिने प्रवृत्तिले पनि सडकबालबालिका बढ्नुमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । साथसाथ नामक गैससका कार्यक्रम प्रबन्धक सुचिता शाह सडकबालबालिकाका समस्या समाधान गर्नका लागि सामाजिक सङ्घसंस्था, सरकारी कार्यालय र स्वयम्सेवीबीच समन्वय भएमा यो समस्या समाधान हुने बताउँछिन् ।

*बालबालिका सडकमा आउनुपर्ने कारणमा सबैभन्दा बढी ३३.५९ प्रतिशत पारिवारिक दुर्व्यवहार रहेको छ । गरिबीका कारण सडकमा आएको बताउनेहरू २६.३१ प्रतिशत रहेका छन् । सशस्त्र द्वन्द्वका कारण सडकमा आएको बताउनेहरूको सङ्ख्या भने २.६२ प्रतिशत रहेको छ ।*

यस्तै सिविनका कार्यक्रम संयोजक माधव प्रधानको अनुभवमा सडकबालबालिकालाई संरक्षण दिइरहे पनि बाहिरी स्वतन्त्रतामा रमाएका बालबालिका केही समयपछि सडकमै पुग्ने गरेका छन् । बालबालिकाका लागि सञ्चालित सङ्घसंस्थाहरू पनि बच्चाका लागि भन्दा पनि व्यापारमा लागेकोले सडकबालबालिकाको समस्या समाधान नभएको बताउने गरिन्छ ।

त्यसो त सडकबालबालिकालाई सहयोग गर्ने स्वयम्सेवीहरू पनि छन् । डा. शुद्ध सचिदानन्द रौनियारले आफ्नोतर्फबाट बालभोजन र बाल शिक्षा सञ्चालन गरिरहेका छन् । उनको सो प्रयासबाट दैनिक २ सय सडकबालबालिकाले शिक्षा र खाना प्राप्त गर्दै आइरहेका छन् । उनले २०५६ सालदेखि सुरु गरेको यो अभियानबाट बालबालिका लाभान्वित भएका छन् तर यो प्रयासबाट मात्र समस्या समाधान हुन सकेको छैन । अधिकांश सडकबालबालिका लागूपदार्थको दुर्व्यसनबाट ग्रसित छन् । धूमपान, मद्यपान र लागूपदार्थको प्रयोगका कारण क्षयरोग, एचआईभी/एड्सलगायतका गम्भीर रोगबाट पीडित छन् सडकबालबालिका । यस्तै सडकबालबालिका देहव्यापारमा संलग्न रहेको र सुरक्षित यौनसम्पर्कको अभावमा पनि एचआईभी/एड्स देखिन थालेको छ । समाजका विभिन्न वर्गबाट समयसमयमा आ-आफ्नो स्वार्थअनुसार प्रयोग हुँदै आएका यी बालबालिका मात्र 'प्रयोगका साधन' बनेका छन् ।

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# दुर्व्यसनीको बुद्धि फिऱ्यो

*लागूपदार्थ दुर्व्यसनको दलदलमा फसेकालाई दुर्व्यसनबाट उम्कन गाह्रोमात्रै होइन, असम्भवजस्तै लाग्छ । तर, अठोट गरे के हुँदैन ? लागूपदार्थको दलदलमा फसेका सुर्खेतका युवाले त्यो दलदल छाडी फेरि नयाँ जीवन सुरु गरेका छन् ।*

✍ **विद्या खरेल**

**सुर्खेत**/ लागूपदार्थ दुर्व्यसनको कुलतमा फसेका महेश ढकालको हालत हेर्दा उनी फेरि पुरानै जीवनमा फर्किएलान् भनेर कसैले सोचेको थिएन । १९-२० वर्षको उमेरमा सुर्ती-चुरोट सेवन गर्न थालेका महेश लागूपदार्थको यति ठूलो अम्मली बने कि उनलाई आफ्नै आमाबाबुले 'बरु मरे आनन्द हुन्थ्यो'सम्म भने । घरपरिवार र आफन्तको तिरस्कार त थियो नै, आफ्नै हालत पनि नाजुक बन्दै गयो । शरीर काँप्ने, खानसुत्न मन नलाग्ने, कसैसँग बोल्नेसम्म जाँगर नचल्ने हालतमा पुगे महेश ।

सुर्खेतको वीरेन्द्रनगर-६ बुद्धपथका महेश पेप्सी र कोकाकोला कम्पनीको एजेन्ट व्यापारी थिए । अम्मलमा फसेपछि व्यापार चौपट भयो । १२-१३ वर्षसम्म दुर्व्यसनमा फसेका महेश अहिले पुरानै दिनचर्यामा फर्केका छन् । लागूपदार्थको पूरै लत छुटेको छ, घरपरिवारले माया गर्न थालेका छन् । गलत बाटोमा हिँडेकोमा ग्लानि र हीनताबोध महसुससमेत उनलाई भएको छ । अब भुलेर पनि यो लतमा नफस्ने वाचा गर्छन् र अरूलाई पनि नफस्न सल्लाह दिन्छन् । कसरी मुक्ति पाए उनले यो दलदलबाट ? 'जिन्दगी र घरबारै बर्बाद पार्लाजस्तो लागेको थिएन,' अतीत सम्झँदै महेश भन्छन्, 'आमाबाबुले मुख हेर्नै छाडिदिनुभो, श्रीमतीले पनि वास्ता गर्न छाडिन्, छोराछोरी मलाई देखेपछि तर्सेर भाग्न थाले । म साँच्चै गलत बाटोमा रहेछु भन्ने महसुस भयो र छाड्ने अठोट गरेँ ।'

टोलकै युवा क्लबको सल्लाहमा उनले लागूपदार्थको दुर्व्यसन छाड्ने अठोट गरेका थिए । 'ढिलै भए पनि बुद्धि फिऱ्यो, जिन्दगी बर्बाद हुनबाट जोगियो,' महेश भन्छन्, 'म अरूलाई पनि भन्छु, नशा जिन्दगी होइन रहेछ ।'

क्षणिक रमाइलोका लागि बसेको दुर्व्यसनको लतले जिन्दगी कतिसम्म बर्बाद पार्दोरहेछ भन्ने ताजा उदाहरण हुन् महेश । चाहयो भने दुर्व्यसनको दलदलबाट मुक्ति पाउन सकिँदोरहेछ भन्ने उदाहरण पनि उनी नै बनेका छन् । यस्तै हालत थियो, इत्राम- ७ का २५ वर्षीय कृष्ण थापाको पनि । दस कक्षामा पढ्दा

*१२ वर्षको उमेरमा साथीहरूको लहैलहैमा चुरोट खान थालेका पर्वत त्यसपछि गाँजा, रक्सी र ब्राउनसुगरसम्मको अम्मली भए । 'ड्रग्स' किन्न पैसा हुँदैनथ्यो, त्यसैले घरमा चोर्ने, नपुगेपछि सडकमा मान्छे लुट्ने कामसम्म गरे । त्यतिले नपुगेर आफैं 'ड्रग्स' ओसारपसार गर्ने काम पनि सुरु गरे उनले । त्यही क्रममा उनी पक्राउ परेर जेल गए । जेल परेपछि परिवारका कोही भेट्न आएनन्, जसले 'ड्रग्स' लिन सिकाए उनीहरू पनि आएनन् ।*

साथीको लहैलहैमा गुट्खा खान थालेका उनी चुरोट, रक्सी, गाँजा, चरेस र ट्याब्लेट नभइनहुने अम्मली बने । पढाइमा ध्यान जान छाडेपछि एसएलसी फेल भए । त्यसपछि घरको हेलाले चिन्ता बढ्यो र लागूऔषध सेवनको मात्रा झन् बढ्यो । घरबाट पैसा चोरेर नेपालगन्जसम्म पुगेर ब्राउनसुगर किन्थे । ४-५ वर्षपछि घरपरिवार र छिमेकीले दुर्व्यसनी भएको थाहा पाए । छिमेकमा कसैका छोराछोरी कुलतमा लागे भने 'यही कृष्णेले बिगारेको हो' भन्ने आरोप लाग्न थाल्यो । शरीर कमजोर बन्दै गयो, निद्रा नलाग्ने, खान मन नलाग्ने, एकान्तमा बस्न मन लाग्ने हुन थाल्यो । त्यसपछि चाहिँ उनलाई आफू साँच्चै बर्बाद भएछु भन्ने महसुस भयो ।

*समस्या बढ्दै गए पनि सुर्खेतमा दुर्व्यसन छाड्नेको सङ्ख्या पनि बढ्न थालेको छ । यो आशलाग्दो सुरुवात हो । दुर्व्यसन एउटा रोग हो, उपचारले निको हुन सक्छ भन्ने मान्यतालाई अङ्गाल्न सके डरलाग्दो रूपमा बढिरहेको लागूऔषध दुर्व्यसन कम गर्न मात्रै होइन, थुप्रै युवायुवतीलाई नयाँ जीवन सुरु गर्न पनि सघाउ पुग्नेछ ।*

'आफैंलाई दिक्क लाग्न थाल्यो, बहिनीले रुँदै कुलत छाड्न र सुधार केन्द्रमा जान अनुरोध गरी,' विगत सम्झँदै कृष्ण भन्छन्, 'त्यसपछि २०६३ फागुन २२ गते भैरव युवा सुधार केन्द्रमा गएर कुलत छाड्ने निधो गरेँ । सुरुमा त एकदमै गाह्रो भयो, बेलाबेलामा पीडाले कराउँथें, रुन्थें, भागेर जाऊँ कि जस्तो पनि हुन्थ्यो । तर, अब मैले समाजमा केही गर्नुपर्छ भन्ने अठोट गरेर कुलत छाडेँ ।' अब उनलाई घरपरिवार र समाजले पनि माया गर्न थालेको छ ।

लागूपदार्थ सेवनको दलदलमा फसेर जिन्दगी बर्बाद बनाएका, ज्यानै गुमाएका मान्छे धेरै छन् । तर, यसको दलदलबाट मुक्ति पाएर नयाँ जीवन सुरु गर्नेहरू सुर्खेतमा यस्तो दलदलबाट बाहिर निस्कन चाहनेका लागि प्रेरणाका स्रोत बनेका छन् । सुर्खेतकै ३० वर्षीय दुर्गाबहादुर आरसी त्यही दलदलबाट मुक्त भई नयाँ जीवन सुरु गर्न खोज्दैछन् । साथीहरूको लहैलहैमा लागेर बाल्यकालदेखि अम्मलमा फसेका दुर्गा अहिले भैरव युवा क्लबको सुधार केन्द्रमा उपचाररत छन् । 'घरपरिवार र समाज सबैले हेला र तिरस्कार गर्न थाले, बाबुआमाले 'तँ मरे पनि हुन्छ'सम्म भन्नुभो,' उनी सम्झन्छन्, 'आफ्नै शरीर खत्तम भयो, म निर्जीवजस्तै बनेँ, यस्तो हालत आइलागेपछि छाड्ने निधो गरेँ ।' झन्डै २० वर्षसम्मको अम्मल छाड्ने प्रण गर्नु नै ठूलो कुरा थियो । 'अहिले मेरो हालत पनि धेरै सुध्रिएको छ,' उनी भन्छन्, 'यहाँबाट निस्केपछि अरूलाई पनि यो कुलतमा नफस्न सल्लाह दिन्छु ।'

अठोट गरे के हुँदैन र ? कहिल्यै उम्कन नसक्ने लागूपदार्थ दुर्व्यसनको कुलतमा फसेका महेश, कृष्ण र दुर्गाले त्यो अठोट प्रमाणित गरिदिएका छन् । बुटवल घर भएका २४ वर्षीय पर्वत खनालको कथा पनि उस्तै हो । १२ वर्षको उमेरमा साथीहरूको लहैलहैमा चुरोट खान थालेका पर्वत त्यसपछि गाँजा, रक्सी र ब्राउनसुगरसम्मको अम्मली भए । ड्रग्स किन्न पैसा हुँदैनथ्यो, त्यसैले घरमा चोर्ने, नपुगेपछि सडकमा मान्छे लुट्ने कामसम्म गरे । त्यतिले नपुगेर आफैं ड्रग्स ओसारपसार गर्ने काम पनि सुरु गरे उनले । त्यही क्रममा उनी पक्राउ परेर जेल गए । जेल परेपछि परिवारका कोही भेट्न आएनन्, जसले ड्रग्स लिन सिकाए उनीहरू पनि आएनन् । उनी आफ्नै प्रयासले जेलबाट छुटे तर, नशा छाड्छु भने पनि सकेनन् । र, फेरि त्यही धन्दामा लागे । उनी भन्छन्, 'मेरो पनि हालत नाजुक बनेको थियो, घरछेउकै एकजना साथी कुलत छाडेर सुध्रेको थाहा पाएँ, अनि म पनि कुलत छाड्ने निधो गरी सहारा उपचार केन्द्रमा भर्ना भएँ ।'

केन्द्रमा भर्ना भएपछि उनको हालत सुध्रियो, घरपरिवारले माया गर्न थाले । 'अब भुलेर पनि यो कुलतमा फस्दिनँ,' उनी भन्छन्, 'अरूलाई पनि दुर्व्यसनमा नलाग्न सल्लाह दिन्छु ।' आफूजस्तै युवाहरू दुर्व्यसनमा नलाग्ने चेतना फैलाउन अहिले उनी भैरव युवा क्लबको सदस्य बनेका छन् । यहाँ दुर्व्यसन छाडेर आउनेलाई मनोवैज्ञानिक परामर्श पनि दिइन्छ । यहाँ प्रशिक्षक रहेका बुटवल निवासी अशोक केआरले पनि लागूपदार्थको चङ्गुलबाट मुक्त भएर नयाँ जीवन सुरु गरेका हुन् । साथीको लहैलहैमा चुरोट खान थालेका उनी ब्राउनसुगरजस्तो ड्रग्सको अम्मली बने । उनले पैसा नभएपछि पत्नीको गहना बेचेर ड्रग्स किन्न थाले, त्यतिले नपुगेर घरका सामानहरू बेचे । छोराछोरीको विद्यालय शुल्क नतिरेर ड्रग्स किनेपछि विद्यालयले छोराछोरी निकालिदियो । 'तर त्यतिले पनि मेरो चेत खुलेन,' उनी विगत सम्झँदै भन्छन्, 'बहिनीको घरमा पुगेर पनि चोरी गरेँ, बहिनीले गाली गरेपछि उसको लोग्नेलाई पनि ड्रग्स खान सिकाएँ ।'

तर, अहिले उनी त्यो दलदलबाट टाढा छन् । कसरी भयो त यो सब ? उनी भन्छन्, 'घरपरिवार र समाजले तिरस्कारमात्र गर्न थाले, आफूमा पनि हीनताबोध भयो, त्यसपछि छाड्ने निधो गरेर बुटवलकै सहारा उपचार केन्द्रमा भर्ना भएँ ।' अहिले उनी पूर्णरूपमा स्वस्थ र ड्रग्सको दुनियाँबाट टाढै छन् । आफ्नो जिन्दगी बर्बाद हुने अवस्थामा पुगेर पनि जोगिएको तीतो भोगाइ सङ्गालेका अशोक अरूलाई यही दलदलबाट जोगाउन आफू यही क्षेत्रमा काम गर्न थालेको बताउँछन् । भन्छन्, 'दुर्व्यसन अपराध होइन, रोग हो यसलाई निको पार्न सकिन्छ ।' सुर्खेतमा लागूपदार्थ दुर्व्यसनीको सङ्ख्या ठूलो छ । तर, सुध्रिएकाहरू थोरै छन् । यी युवाको प्रेरणाले केहीले अहिले धमाधम त्यो कुलत छाड्दैछन् । सामुदायिक प्रहरी केन्द्र र भैरवी युवा क्लबले गरेको सर्वेक्षणअनुसार वर्षेनी लागूऔषध दुर्व्यसनीको सङ्ख्या १५ देखि २० प्रतिशतले बढिरहेको छ । धनीका छोराछोरी, बेरोजगार युवायुवती,

स्कुल तथा क्याम्पसका विद्यार्थीसमेत यसमा संलग्न रहेको क्लबका अध्यक्ष किशोर रेग्मी बताउँछन् । समस्या बढ्दै गए पनि सुर्खेतमा दुर्व्यसन छाड्नेको सङ्ख्या पनि बढ्न थालेको छ । यो आशलाग्दो सुरुवात हो । दुर्व्यसन एउटा रोग हो, उपचारले निको हुन सक्छ भन्ने मान्यतालाई अङ्गाल्न सके डरलाग्दो रूपमा बढिरहेको लागूऔषध दुर्व्यसन कम गर्न मात्रै होइन, थुप्रै युवायुवतीलाई नयाँ जीवन सुरु गर्न पनि सघाउ पुग्नेछ । सुर्खेतका युवाबाट सबैले पाठ सिक्ने कि ?

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# समस्या : सौहार्द व्यवहारको

*एचआईभी/एड्स सङ्क्रमितलाई गरिनुपर्ने व्यवहारका सम्बन्धमा थुप्रै गोष्ठी गतिविधि हुन्छन् । यद्यपि एचआईभी/एड्स सङ्क्रमितलाई छुनु हुन्छ, बोल्दा कसैलाई रोग सर्दैन भन्ने मान्यताको विकास हुन सकेको छैन । 'मेरै सासूससुराले छोराछोरीलाई आँगनमा टेक्न दिनुभएन' एचआईभी/एड्स सङ्क्रमित महिला सीताले भनिन्, 'सकुञ्जेल त काम गरेरै छोराछोरी पाल्छु, तर नसक्ने भएपछि छोराछोरीको हालत के होला ?' उनी चिन्ता व्यक्त गर्छिन् ।*

✍ **भवानी अधिकारी**

**स्याङ्जा**/उन्नाईस वर्षमा विवाह गर्दा वालिङकी सोना (नाम परिवर्तन) थापाले उज्यालो भविष्यको सपना उनेकी थिइन् । तर, वास्तविकता उल्टो भयो । थाहै नपाई उनी एचआईभी सङ्क्रमित भइन् । यो खबरले एकाएक उनको जीवनमा आँधी ल्यायो । त्यसपछि घरबाट अपहेलित मात्रै भइनन्, निकालिइन् पनि ।

उनी भन्छिन्, 'दोष मेरो छैन, तर घरपरिवारले मेरो कुरा बुझेनन् ।' उनको भनाइमा तीन वर्ष पहिले टाइफाइडको उपचारको क्रममा अस्पतालमा जाँदा चिकित्सकले प्रयोग गरेको सिरिञ्जबाट एचआईभी सरेको हो । तर, परिवारले उनलाई चारित्रिक आरोप लगाएर निकालिदियो । घरपरिवार र समाजले दिने मानसिक यातना त अहिले पनि खेप्दैछिन् । तर, काखको बच्चा छाडेर निक्लिनुपर्दाको पीडाले उनलाई अहिले पनि रुवाइरहेको छ ।

एघार वर्षअघि कक्षा नौमा पढ्दापढ्दै उनको विवाह छिमेकी राजु (नाम परिवर्तन) सँग भएको थियो । विवाहपछि पढाइ छुट्यो । बुहारी बनेर घरमा भित्रिएपछि पढ्न नपाएकोमा उनको छुट्टै पीडा छ । तर, त्यो पीडा उनले दबाइराखिन् । विवाह भएको दुई वर्षमा छोरा जन्मियो । त्यसैबेला श्रीमान् अर्कैको परिचयपत्र (आईडी) किनेर हङकङमा नोकरी गर्न गए । उनी पनि श्रीमान्सँगै गइन् । 'विवाह गर्दा सोचेको सुखको दिन सुरु भएजस्तो लागेको थियो, तर भाग्यमा लेख्या रहेनछ' मनभरिको पीडा ओकल्दै उनले भनिन्, 'एचआईभी भएपछि त अन्तिम दिन आएजस्तै भो ।'

६ महिनासम्म हङकङमा श्रीमान्सँगै काम गरिन् । हङकङबाट फर्केपछि उनलाई एचआईभी पोजिटिभ देखियो । 'लोग्ने हङकङ भएकै बेला घरबाट निकाल्ने षड्यन्त्र रचेर मलाई हङकङबाट घरमा पठाइएको रहेछ,' उनले भनिन्, 'यस्तो घटना (एचआईभी देखिएपछि) पछि जबर्जस्ती सम्बन्धविच्छेद गराइयो ।' सम्बन्धविच्छेदपछि उनी माइतै बसेकी छिन् ।

*समाजले एचआईभी/एड्स लागेको भनेपछि छीःछीः र दूरदूर गर्न छाडेको छैन । एचआईभी पोजेटिभ भएकालाई छुन पनि हुन्न भन्ने मान्यता ज्युँकात्युँ छ । अर्कोतर्फ आफ्नै छोराको अनुहार डेढ वर्षदेखि हेर्नसम्म पाएकी छैनन् । छोरालाई घरपरिवारले पोखरा लगेर पढाएका छन् । पोखरा लगेकोसम्म उनलाई थाहा छ । तर, कहाँ पढाइएको छ भन्ने कुरा उनलाई थाहा छैन । उनी पीडा ओकल्दै भन्छिन्, 'छोरालाई छोएँ भने एड्स सर्छ भनेर मलाई थाहासम्म नदिई पोखरा लगेका छन् ।'*

अहिले पनि उनी समाज र घरको मानसिक यातनाबाट सताइएकी छिन् । समाजले एचआईभी/एड्स लागेको भनेपछि छीःछीः र दूरदूर गर्न छाडेको छैन । एचआईभी पोजेटिभ भएकालाई छुन पनि हुन्न भन्ने मान्यता ज्युँकात्युँ छ । अर्कोतर्फ आफ्नै छोराको अनुहार डेढ वर्षदेखि हेर्नसम्म पाएकी छैनन् । छोरालाई परिवारको निगरानीमा पोखरा लगेर पढाएका छन् । छोरालाई कहाँ पढाइएको छ भन्ने कुरा उनलाई थाहा छैन । उनी पीडा ओकल्दै भन्छिन्, 'छोरालाई छोएँ भने एड्स सर्छ भनेर मलाई थाहासम्म नदिई पोखरा लगेका छन् ।'

छोरालाई देखिन्छ कि भनेर कहिलेकाहीँ घरवरपर चिहाउँछिन् । तर, देख्दिनन् । छोराले पटक-पटक आफ्नी आमा भेट्न खोज्दा पनि परिवारले दिएका छैनन् । 'आमासँग बोले वा छोए पनि एचआईभी/एड्स सर्छ भनेर छोरालाई भन्ने गर्छन्,' छिमिकी विष्णु गुरुङले भनिन्, 'भेटेर बोल्छ कि भनेर छोरालाई पोखरा लगेर पढाएका छन् ।'

यस्तो नियति भोग्नेमा अहिले एउटी सोना मात्रै होइन । स्याङ्जामै सयौं छन् । जतिसुकै प्रचारप्रसार र गोष्ठी हुने गरे पनि घरपरिवार र समाजले एचआईभी सङ्क्रमितप्रति गर्ने व्यवहारमा अझै परिवर्तन आएको छैन । स्याङ्जाको उत्तर-पश्चिमकी रीता (नाम परिवर्तन) थापा पनि अर्को उदाहरण बनेकी छिन् ।

पाँच वर्षअघि विदेशमा गएका श्रीमान् घर फर्कंदा रीताले रगत परीक्षण गराएर मात्रै यौनसम्पर्क गर्न प्रस्ताव राखिन् । तर, उल्टो त्यस्तो प्रस्ताव राख्दा श्रीमान्लाई शङ्का गरेको भन्दै उनलाई घरबाटै टाढा पारियो । उनलाई रक्तपरीक्षण गराउने चेतना पनि आफैं आएको थिएन, स्वास्थ्य कार्यालय र रेडक्रसद्वारा आयोजित तालिममा सिकेकी थिइन् । प्रशिक्षक र सहजकर्ताले 'विदेश गएका पति घर आएपछि रगत परीक्षण गराउन लगाउनू' भनी दिएको अर्ती उनले पालना गरिन् । त्यसैलाई व्यवहारमा उतार्ने साहसका साथ उनले लोग्नेलाई त भनिन् । तर, त्यसको फल उनले घरबाट टाढिनुपर्‍यो । 'आफ्नो र छोराछोरीको जीवन सुरक्षाका लागि रगत परीक्षण गराउन खोजेको हो,' उनले भनिन्, 'तर मलाई चारित्रिक शङ्का गरेर घरबाट निकालियो ।'

एचआईभी रोगका बारे दिनमा कतै न कतै गोष्ठी र सेमिनार भइराखेका हुन्छन् । यसैको नाममा करोडौंको बजेट वर्षेनी मुलुकमा खर्च भइराखेको पनि हुन्छ । तर, उपलब्धि सहरको सीमित घेराबाट बाहिर आउन सकेको छैन । जसका कारण एचआईभी सङ्क्रमितहरू सार्वजनिक हुन सकिरहेका छैनन् । त्योभन्दा ठूलो समस्या उनीहरूले समाज र घरपरिवारबाट राम्रो व्यवहार पाएका छैनन् ।

*यस क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका सङ्घसंस्थाका प्रतिनिधिहरू पनि एचआईभी सङ्क्रमितलाई कस्तो व्यवहार गर्ने भन्नेबारे गाउँ तहसम्म परामर्श सुरु गर्नुपर्ने बताउँछन् । सङ्क्रमितलाई कहिल्यै पनि परिवार र समाजबाट एक्लो राख्न नहुने उनीहरूको तर्क छ । तर, एचआईभी सङ्क्रमितहरू भने गाउँघरमा एक्लो छन् ।*

घरपरिवार र समाजको यातनाकै कारण एचआईभी सङ्क्रमित सीता थापा (नाम परिवर्तन) चाहेर पनि सार्वजनिक हुन नसकेको बताउँछिन् । भारतमा मजदुरी गर्न गएका लोग्नेलाई एचआईभी लागेपछि उनलाई पनि यो रोग सरेको थियो । उनका दुई छोरा र एक छोरी छन् । रोग लागेको थाहा पाएपछि उनलाई पनि घरपरिवारबाट निकालियो । माइतीमा पनि उनले ठाउँ पाइनन् । तीन लालाबाला बोकेर उनी सडकमा आइन् । काम गर्न गएका लोग्नेको एचआईभीकै कारण भारतमै मृत्यु भएको थियो । एचआईभी भएकालाई सान्त्वना दिनु त परको कुरा हो, छुनुहुँदैन, बोल्नुहुँदैन भन्ने सोचाइ अझै छ । 'मेरै सासूससुराले छोराछोरी कहिलेकाहीँ घर जान खोज्दा आँगनसम्म टेक्न दिनुभएन,' सीताले भनिन्, 'सकुन्जेल त काम गरेरै छोराछोरी पाल्छु, तर नसक्ने भएपछि छोराछोरीको हालत के होला ?' उनी चिन्ता व्यक्त गर्छिन् ।

वालिङ स्वास्थ्य प्राथमिक केन्द्रका परामर्शदाता कमल पाण्डे वालिङ क्षेत्रमा मात्रै ३० जनामा एचआईभी सङ्क्रमित भएको बताउँछन् । पाण्डेका अनुसार केन्द्रमा रगत परीक्षण गराउन आएकामध्येमा ३० जनामा सङ्क्रमण देखिएको छ । तीमध्ये २५ जना महिला छन् । स्थानीयस्तरमा गाउँसमाजले थाहा पाउँछन् भनेर काठमाडौं, पोखरामा गएर रगत परीक्षण गराउनेको सङ्ख्या पनि झन्डै त्यति नै रहेको अनुमान छ । स्याङ्जा र वालिङ क्षेत्रका धेरै युवा रोजगारीका लागि विदेशिएका कारण उतैबाट एड्स बोकेर आउने गरेको पाण्डे बताउँछन् । भारत र अरब देशबाट फर्केर आउने युवामा बढी एचआईभी देखिएको छ । र, उनीहरूबाटै श्रीमतीमा सर्ने गरेको छ ।

यस क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका सङ्घसंस्थाका प्रतिनिधिहरू पनि एचआईभी

सङ्क्रमितलाई कस्तो व्यवहार गर्ने भन्नेबारे गाउँ तहसम्म परामर्श सुरु गर्नुपर्ने बताउँछन् । सङ्क्रमितलाई कहिल्यै पनि परिवार र समाजबाट एक्लो राख्न नहुने उनीहरूको तर्क छ । तर, एचआईभी सङ्क्रमितहरू भने गाउँघरमा एक्लो छन् । 'सङ्क्रमितलाई माया र सद्भाव राख्नुपर्नेमा झन् सम्बन्धै तोडेर एक्लै राख्नु र मानसिक यातना दिनुले ठूलो समस्या ल्याउँछ,' रेडक्रसका एचआईभी/एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रमका अधिकृत पवन पौडेल भन्छन्, 'धेरै सङ्क्रमितले समाज र घरबाट बारम्बार यातना पाएको अनुभव सुनाउँछन् ।'

पौडेलका अनुसार वालिङ स्वास्थ्यचौकीमा रगत परीक्षण गर्न आउनेमध्ये ३० जनामा र स्याङ्जाको स्वेच्छिक रक्त परीक्षण केन्द्रमा आउनेमध्ये आठजनामा एचआईभी सङ्क्रमण भएको भेटिएको छ। त्यसैगरी, लाज र सङ्कोचका कारण स्याङ्जाबाट पाल्पा अस्पतालमा गई रगत परीक्षण गराउने स्याङ्जाका १ सय ७८ र पोखरा अस्पतालमा गई रगत परीक्षण गराउनेमा ५० जनामा पनि एचआईभीको सङ्क्रमण भेटिएको छ ।

त्यस्तै, आठ महिनाका बालकदेखि १० वर्षसम्मका ६ जना बालबालिकामा पनि एचआईभी सङ्क्रमण भएको फेला परेको छ । जिल्ला बालकल्याण समिति, स्याङ्जाको तथ्याङ्कमा अहिले ४६ जना बालबालिका एचआईभीबाट प्रभावित भएका छन् । समाज र घरपरिवारबाट भइरहेको भेदभाव हटाउन सङ्क्रमितहरूले नै सङ्कल्प नामक संस्था जिल्लामा गठन पनि गरेका छन् । यसले विद्यालय र स्थानीय सङ्घसंस्थामार्फत चेतनामूलक कार्यक्रम पनि सञ्चालन गरेको छ । साथै सङ्क्रमितहरूको आयु लम्बाउने सेल काउन्ट सेवा पनि चलाएको छ ।

'यसलाई गैरसरकारी सङ्घसंस्थाले मात्रै गरेर पुग्दैन, सरकारले पनि राष्ट्रिय अभियानको रूपमा चेतना जगाउने कार्यक्रम ल्याउनुपर्‍यो,' जिल्ला बालकल्याण समिति स्याङ्जाका कार्यक्रम अधिकृत बद्री वाग्लेले भने, 'बजेट खर्च गर्नका लागि मात्रै कार्यक्रम गर्ने होइन, वास्तविक चेतना जगाउन कार्यक्रम गर्नुपर्ने आवश्यकता छ ।'

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा 'साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह' उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह